# सञ्चारमा दलित महिला

पवित्रा सुनार

## पृष्ठभूमि

विकासका हरेक क्षेत्रमा लैङ्गिक संवेदनशीलता भएमा मात्र त्यो प्रभावकारी हुन्छ भन्ने विकाससम्बन्धी पछिल्लो अवधारणा हो । विकासका क्षेत्रमा एउटा पक्ष महिला अथवा पुरुषलाई मात्र ध्यान दिँदा विकास प्रयासहरू असफल भएको तथ्य विभिन्न अनुभवले देखाएका छन् । त्यसकारण विकासका हरेक क्षेत्रमा लिङ्ग, जातजाति, धर्म आदि सबैको समानुपातिक सहभागिता हुनुपर्दछ भन्ने धारणा अगाडि सारिएको छ । हाम्रै देशको सन्दर्भमा अहिले लैङ्गिक, जातीय तथा क्षेत्रीय सहभागिता र समानताका नाराहरू चर्को रूपमा उठिरहेको अवस्था छ । तर देशको राजनीतिक, आर्थिक, सामाजिक संरचनाका कारण आजपर्यन्त सबै प्रकारका विभेदमा राष्ट्र सञ्चालित छ । फलस्वरूप राज्यका हरेक क्षेत्रमा खास जाति वा वर्गको एकछत्र राज चलेको छ । यही अवस्था राज्यको चौथो अङ्ग मानिने प्रेसजगत्मा पनि देखिन्छ । परिणामतः बहुसङ्ख्यक नागरिक राज्यको सुविधाबाट पाखा लागेका छन् अनि विकासको स्वादबाट वञ्चित भएका छन् ।

२०४६ सालपछि आमसञ्चारमाध्यममा आएको वृद्धिले हजारौँको सङ्ख्यामा सञ्चारकर्मीले रोजगारी पाएका छन् । प्रत्यक्षतः रोजगारीसँग सम्बन्धित देखिए

---

*नेपालमा दलित महिला* (दलित महिला सङ्घ २०६३: १५७-१७८) मा प्रकाशित लेख ।

पनि सञ्चार क्षेत्रसँगको कार्य सम्बन्धले व्यक्ति स्वयं अनि सामाजिक चेतनाका लागि अप्रत्यक्ष रूपमा योगदान पुऱ्याएको हुन्छ । तर नेपाली महिलाको एक चौथाई जनसङ्ख्या ओगटेको दलित महिलाको प्रेस तथा सञ्चार जगतबाट प्राप्त हुने अवसरहरूमा पहुँच पुग्न सकेको छैन । राज्यको चौथो अङ्ग मानिने विकासको एउटा महत्त्वपूर्ण क्षेत्र प्रेस जगतमा दलित महिलाको समानुपातिक सहभागिताको साटो करिब शून्यकै स्थिति देखिन्छ ।

## सञ्चारमा दलित महिलाको सहभागिता किन आवश्यक छ ?

यहाँ सञ्चार भन्नाले आमसञ्चारमाध्यमलाई औँल्याउन खोजिएको हो । सत्यतथ्य सूचना सम्प्रेषण गर्न होस् वा विविध मनोरञ्जन प्रदान गर्दै जनतालाई सचेत पार्न होस् वा आफैँ पनि सचेत र सुसूचित हुनका लागि होस्, यी विविध प्रयोजनका लागि आमसञ्चारमाध्यमको भूमिका हुने गर्दछ । तर जनताका लागि के कस्ता सूचना तथा सन्देश प्रवाह गर्ने भन्ने विषय भने सञ्चार गृहमा रहेको सञ्चारकर्मीको बनावट, सञ्चारकर्मीमा रहेको संवेदनशीलता आदिले निर्धारण गर्दछ । त्यसमाथि पनि एउटा स्वच्छ मिडियाले सूचना सन्देश प्रवाह गर्दा आवाजविहीन समूहले प्राथमिकता पाउनु पर्दछ ।

यही विषय २०६० को पत्रकार आचारसंहितामा पनि उल्लेख गरिएको पाइन्छ । तर कतिपय अवस्थामा सञ्चार गृहमा राज्यद्वारा उपेक्षित जाति वा समुदायको उपस्थितिले यी आवाजविहीन समूहहरूको आवाजले पनि प्राथमिकता पाउँछ । तर देशमा सबैभन्दा बढी आवाजविहीन समूह दलित महिलाको हकमा यो आचारसंहिता कार्यान्वयन हुन सकेको छैन ।

नेपाली समाजको आर्थिक, सामाजिक, राजनीतिक संरचनालाई नियाल्दा दलित समुदाय नागरिकहकबाट वञ्चित समुदाय हो । त्यसमा पनि दलित महिलाको स्थितिको बारेमा भन्नुपर्दा उनीहरू परिवारमा, समाजमा विद्यमान, लैङ्गिक विभेद जस्ता त्रिपक्षीय विभदेको मारमा छन् । मानव विकासको दृष्टिकोणबाट हेर्दा दलित महिला शिक्षा, अर्थ, स्वास्थ्य, सामाजिक प्रतिष्ठाजस्ता क्षेत्रमा पछि परेका छन् । नेपाली समाजको तुलनात्मक विश्लेषण गर्दा अन्य पुरुषभन्दा, अन्य महिलाभन्दा र दलित पुरुषभन्दा दलित महिलाले भोग्नु परेको विभेदको स्वरूप त्रिपक्षीय छ । यस आधारमा दलित महिला यस राष्ट्रका सबैभन्दा आवाजविहीन समूह हुन् भनेर भन्न सकिन्छ । यी आवाजविहीन समूहको चौतर्फी विकास गरेर यिनीहरूलाई विकासको मूल प्रवाहमा पुऱ्याउनका लागि मिडियाको मुख्य भूमिका हुने गर्दछ । तर वर्तमान नेपाली सञ्चारमाध्यममा दलित महिलाको

प्रतिनिधित्व हुन सकेको छैन । भनिन्छ, "खुकुरीको चोट अचानोले जान्दैन" अर्थात् पर्याप्त मात्रामा अधिकारमुखी आन्दोलनका मुद्दा, विकासका मुद्दा, सामाजिक रूपान्तरणका मुद्दाहरू सशक्त रूपले उठाउन स्वयं पीडित समूहको सहभागिता हुनुपर्दछ ।

यसको अभावमा सम्बन्धित समूहको आवाज उठाउँदा सतहीपन एवं कृत्रिमता हुन्छ । अझ समाचार कक्षमा रहने सहभागिताले झनै महत्त्व राख्दछ । विषयवस्तुको सूक्ष्म अध्ययन, विश्लेषण अनि प्रस्तुतिको हकमा वा पर्याप्त रिपोर्टका आधारमा दिइने समाचार नै किन नहोस् सहभागिताले महत्त्व राख्दछ भन्ने कुरामा स्पष्ट हुनुपर्दछ । यो कुरा सञ्चारमाध्यमले दिने गरेका दलितका कतिपय समाचारले प्रमाणित गरेका छन् । यो सतहीपनको परिणाम हो । उदाहरणका लागि दलितभित्र रहेको आन्तरिक छुवाछूतका समस्यालाई उठाउने सवालमा पनि सञ्चारमाध्यम स्पष्ट छैनन् । एकपक्षीय ढङ्गले उठाउँदा स्वयं दलित एकतामा फुटाऊ अभियान भित्रिने गरेको छ भने गैरदलितमा साँच्चिकै छुवाछूत हटाउन स्वयं दलित नै तत्पर छैनन् भन्ने खालका सन्देशहरू प्रवाह भइरहेका छन् । उदाहरणस्वरूप राष्ट्रिय दैनिकमा प्रकाशित समाचारका केही शीर्षक र अंशलाई लिऔँ । "दलित दलितबीच भेदभाव- आफ्नो बालकलाई अस्वीकार गरी बाबु भारत पसे !" (गोरखापत्र २०६१), "दलित-दलितबीचकै छुवाछूतबाट तल्लो वर्गका दलित पीडित" (हिमालय टाइम्स २०६२) । यही समाचारको केही अंश यसप्रकार रहेको छ, "दलित र गैरदलित बीचको छुवाछूत बिस्तारै हटेको भए पनि दलित भित्रको छुवाछूतले निकै ठूलो जरा गाडेको यहाँ तल्ला वर्गका दलितहरू बताउँछन्" (हिमालय टाइम्स २०६२) । यस्ता शीर्षकका अतिरिक्त विश्व जाति तथा रङ्गभेद उन्मूलन दिवसको अवसरमा सबै टेलिभिजन च्यानलले समाचार प्रसारण गरेका थिए । त्यसमा पनि जनमत स्तम्भमा भने दलितभित्रकै छुवाछूत बाधक तत्त्व रहेको सन्देश प्रवाह गर्ने खालको विचारलाई केन्द्रित गरिएको थियो । यी र यस्ता धेरै उदाहरण पाउन सकिन्छ । तर छुवाछूतको सन्दर्भ निश्चित एउटा मात्र कारक तत्त्वको समाधानमा निवारण हुने चीज होइन र दलित आफैँले सिर्जना गरेको विभेद पनि होइन । बरु इतिहासमा राज्यले सिर्जना गरेको विभेद राष्ट्रिय समस्याका रूपमा उठाएर समाधान गर्नुपर्ने हो । आमसञ्चारमाध्यमले यस्ता सन्देश प्रवाह गर्नुका पछाडि 'अचानो' (दलित महिला/दलित) को सञ्चारमाध्यममा सहभागिताको कमीले हो । तसर्थ दलित महिलाका त्रिपक्षीय समस्याहरूलाई उठाएर अधिकारमुखी आन्दोलन र विकासमुखी कार्यलाई गति दिनका लागि आमसञ्चारमाध्यममा दलित महिलाको सहभागिता अनिवार्य रूपमा हुनुपर्दछ ।

भोगेको, अनुभूति गरेको विषय स्वयं पीडित समूहले उठाउँदा जति प्रभावकारी हुन्छ, त्यति अरूले उठाउँदा हुँदैन । त्यसैले समाचारकक्षमा दक्षता, कुशलता आदि कुरालाई ध्यानमा राखेर विभागीय काम (बिट) छुट्ट्याइएको हुन्छ ।

यसका अतिरिक्त राज्यका हरेको क्षेत्रमा प्रतिनिधित्वका हिसाबले, समविकासका हिसाबले अनि सञ्चारमाध्यमले दिएको अवसर उपयोग गर्ने हिसाबले पनि सञ्चारमा दलित महिलाको सहभागिता हुनु जरुरी छ। विडम्बना ! हाम्रा सञ्चारमाध्यममा दलित महिलाको सामान्य प्रतिनिधित्व समेत हुन सकेको छैन । स्वयं आफू सचेत भएर आफ्नो समुदायको कुरालाई सशक्त ढङ्गले उठाउनका लागि पनि दलित महिलाको सञ्चारमा सहभागिता हुनु आवश्यक छ ।

## मूलप्रवाहका सञ्चारमाध्यममा जातिगत तथा लिङ्गगत संरचना

समविकासको अवधारणाले सञ्चारमा दलित महिलाको सहभागिता जरुरी छ भन्ने विषयमा हामी स्पष्ट भइसकेका छौँ । तर सबै वर्ग, लिङ्ग तथा जाति नसमेटिएको अन्य क्षेत्रकै स्थिति सञ्चार जगत्मा पनि छ । एकातिर मूलप्रवाहका सञ्चारमाध्यममा दलित महिला सहभागिता शून्यको स्थितिमा छ भने अर्कोतिर सञ्चारकर्मी बन्नका लागि आवश्यक तालिम अध्ययन जस्ता कुरामा पनि अवसर मिल्न सकेको छैन । सञ्चारमाध्यममा दलित महिलाको समान सहभागिताको विषय त परै जाओस् सामान्य प्रतिनिधित्वसमेत छैन । यदाकदा सहभागी भइहालेमा पनि प्रस्तोता तथा मनोरञ्जनात्मक कार्यक्रममा मात्र उनीहरूलाई भेट्टाउन सकिन्छ । समाचारकक्षमा त भेट्टाउनै मुश्किल पर्दछ । विभिन्न अध्ययन सर्वेक्षणअनुसार लैङ्गिक हिसाबले पुरुषको अधिकतम सहभागिता, त्यसपछि गैरदलित महिला, दलित पुरुष र अपवादका रूपमा दलित महिलाको स्थान रहेको देखिन्छ ।

अधिराज्यका ४८ जिल्लाका २२४ महिला सञ्चारकर्मीलाई समेटेर २०६२ सालमा सञ्चारिका समूह नेपालले गरेको अध्ययनअनुसार १.८ प्रतिशत दलित महिला सञ्चारकर्मीको सञ्चार क्षेत्रमा प्रतिनिधित्व रहेको पाइन्छ। कुल जनसङ्ख्याको १२ प्रतिशतको हाराहारीमा रहेका दलित समुदायमध्ये केवल १.८ प्रतिशत दलित महिला सञ्चारकर्मीको प्रतिनिधित्वलाई निराशाजनक मान्नुपर्दछ (गौतम २०६१) ।

सर्वेक्षणअनुसार दलित महिला सहभागिता बढी विद्युतीय सञ्चारमाध्यममा, त्यसपछि छापामा देखिन्छ (हेर्नुहोस् तालिका ८.१ र ८.२) । सञ्चार गृहमा हुने सहभागिताले मात्र दलितका मुद्दालाई टेवा मिल्न सक्दैन । मुख्य कुरा सञ्चारमा संलग्न मात्र हुनेभन्दा पनि कामको प्रकृति अथवा सन्देशमूलक, सूचनामूलक

कार्यक्रममा रहने सक्रिय भूमिकाले महत्त्व राख्दछ । तर कथंकदाचित दलित महिला सञ्चारमाध्यममा संलग्न भइहाले पनि उनीहरू ज्यादाजसो प्राविधिक, दृश्य सम्पादन, प्रस्तोता, मनोरञ्जनात्मक कार्यक्रम प्रस्तोताको रूपमा कार्यरत हुने गरेका छन् । अन्यथा धेरैजसो दलित महिला कुचीकार, पियनजस्ता काममा संलग्न रहेको अध्ययनबाट थाहा हुन्छ । कान्तिपुर पब्लिकेशनमा एक जना मात्र दलित महिला ती पनि पियन पदमा कार्यरत रहेको पाइएको छ । त्यसैगरी रेडियो र टेलिभिजनमा पनि त्यही रूपमा कार्यरत रहेको देखिन्छ (हेर्नुहोस् तालिका ८.४ र ८.५) । सञ्चारमा रहेको कामको यस्तो प्रकृतिले दलित महिलाका मुद्दा उठाउने सवालमा, विकासमा अभिवृद्धि गर्ने सवालमा कस्तो भूमिका हुन सक्छ ? सजिलै अनुमान गर्न सकिन्छ ।

**तालिका ८.१: सञ्चारमा दलित महिलाको सहभागिता**[1]

| सञ्चारमाध्यम | जम्मा | पुरुष | महिला | दलित सहभागिता | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला |
| प्रकाशनगृह | १३७४ | १२९१(९४%) | ८३(६%) | ३ | ३(०.२१%) | × |
| टेलिभिजन | ७९१ | ६५८(८३.१९%) | १३३(१६.८१%) | ३ | २(०.२५%) | १(०.१३%) |
| रेडियो (एफएम सहित) | ६१२ | ५२८(८६.२७%) | ८४(१३.७३%) | १ | १(०.१६%) | × |
| जम्मा | २७७७ | २४७७(८९.२%) | ३००(१०.८%) | ७ | ६(०.२२%) | १(०.०४%) |

स्रोतः अनुसन्धानका क्रममा गरिएको सर्वेक्षण, २०६२ ।[2]

एकातिर तथ्याङ्कले सञ्चारमा दलित महिलाको सहभागिता र कामको प्रकृति यस रूपमा देखिन्छ भने अर्कोतिर सम्बन्धित सञ्चारमाध्यमका अधिकारीहरू दलितका थर छुट्ट्याउन गाह्रो पर्ने कारण यकिन तथ्याङ्क दिन अप्ठेरो पर्ने बताउँछन् । तर 'तस्वीर आफैँ बोल्छ' भनेजस्तै सञ्चारकर्मीको कामको प्रकृतिअनुसार परिचय खुलाइने हुँदा सम्बन्धित अधिकारीहरूले भनेजस्तो समस्या छ भन्ने लाग्दैन । अर्को कुरा, कुनै न कुनै रूपमा आफ्नो समुदायमा परिचित हुने भएकाले पनि

[1] तथ्याङ्क उपलब्ध गराउँदा स्थायी/अस्थायी सञ्चारकर्मीसहित गराइए तापनि दलितको हकमा स्थायी सञ्चारकर्मीलाई मात्र समावेश गरिएको छ ।

[2] यस अध्ययनका क्रममा छापातर्फ *गोरखापत्र* दैनिक तथा कामना प्रकाशन समूह र कान्तिपुर पब्लिकेशनबाट निस्कने सबै प्रकाशन; रेडियोमा रेडियो नेपाल र रेडियो सगरमाथा तथा टेलिभिजनमा नेपाल टेलिभिजन, च्यानल नेपाल र कान्तिपुर टेलिभिजनलाई लिइएको थियो ।

सम्बन्धित समूहका सञ्चारकर्मीको आयतन थाहा पाउनु त्यति जटिल विषय होइन । सञ्चारमा दलित महिलाको कति सहभागिता छ भन्ने विषयमा आमसञ्चार गृहमा रहेको भौतिक उपस्थितिको अध्ययन-सर्वेक्षणलाई हेर्न सकिन्छ । यस अध्ययनका क्रममा गरिएको सर्वेक्षणअनुसार दलित महिला सहभागिता रेडियोमा शून्य प्रतिशत, टेलिभिजनमा ०.१३ प्रतिशत र दैनिक अखबारमा शून्य प्रतिशत तथा समग्रमा ०.०४ प्रतिशत रहेको छ, जहाँ पुरुष ८९.२० प्रतिशत, गैरदलित महिला १०.८० प्रतिशत र दलित पुरुष ०.२२ प्रतिशत रहेको देखिन्छ (हेर्नुहोस् तालिका ८.१) ।

दलित सङ्घसंस्थाबाट प्रकाशित पत्रपत्रिकामा र दलित गैरसरकारी संस्थाबाट सञ्चालित रेडियो तथा टेलिभिजन कार्यक्रममा दलित महिलाको उपस्थिति केही मात्रामा देखिन्छ । तर तिनमा पनि कामको प्रकृतिअनुसार सम्पादक/प्रकाशक तथा उत्पादक जस्ता नीतिनिर्माण तहमा भने भेटिँदैनन् ।

**तालिका ८.२: दैनिक छापामा दलित महिला***

| प्रकाशन गृह | जम्मा | पुरुष | महिला | दलित पुरुष | दलित महिला |
|---|---|---|---|---|---|
| गोरखापत्र | ११७ | ११२(९५.७%) | ५(४.२७%) | × | × |
| कामना प्रकाशन समूह | ४९० | ४६५(९४.८%) | २५(५.१०%) | १(०.२०%) | × |
| कान्तिपुर पब्लिकेशन | ७६७ | ७१४(९३.०८%) | ५३(६.९%) | × | × |

स्रोत: अनुसन्धानका क्रममा गरिएको सर्वेक्षण, २०६२ ।

* *गोरखापत्र*मा स्थायी/अस्थायी सञ्चारकर्मी मात्र, कामना प्रकाशन समूहमा स्थायी/अस्थायी कर्मचारी र कान्तिपुर पब्लिकेशनमा स्थायी/अस्थायी कर्मचारी तथा सञ्चारकर्मी समावेश गरिएको छ ।

## *छापा सञ्चारमाध्यममा दलित महिला सहभागिता*

२०६१/६२ को प्रेस काउन्सिल नेपालको प्रतिवेदनअनुसार नेपालमा ४८९ ओटा पत्रपत्रिका प्रकाशित छन् (प्रेस काउन्सिल नेपाल २०६२) । यी अखबारले धेरै सञ्चारकर्मीलाई रोजगारीको अवसर दिएका छन् । तर यी अखबारमध्ये मूलप्रवाहका (राष्ट्रिय स्तरका मानिने) अखबारमा दलित महिलाको सहभागिता भने शून्य रहेको विभिन्न अध्ययनले देखाएका छन् । प्रत्यक्ष रूपमा खोज्यौँ भने पनि यही तथ्य पाउन सकिन्छ । सम्पादक/प्रकाशक जस्ता नीतिनिर्माण तहमा त परै जाओस् संवाददाताको तहमा समेत पाउन सकिँदैन । मोफसलबाट प्रकाशित हुने अखबारमा पनि झण्डै राष्ट्रिय धारका अखबारमा जस्तै स्थिति दलित महिला सहभागिताको रहेको छ । तर दलित संस्थाहरूले दलितकै लागि भनेर प्रकाशन

गरेका पत्रपत्रिकामा भने अन्य पत्रिकाको दाँजोमा केही मात्रामा प्रतिनिधित्व पाउन सकिन्छ; त्यो पनि समाचारदाताकै रूपमा मात्र । यसभन्दा अगाडि दलित महिलाको सञ्चारमा सहभागिता कस्तो छ भनेर छुट्टै अध्ययन-अनुसन्धान भएको पाइँदैन । २०५८ सालमा शेखर पराजुली तथा प्रत्यूष वन्तद्वारा सम्पादित *नेपाली मिडियामा दलित तथा जनजाति* पुस्तकमा उल्लेख भएअनुसार महिला स्तम्भकारको सङ्ख्या १५ रहेकोमा दलित महिला एक जना पनि छैनन् । दैनिक अखबारका अतिरिक्त साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक पत्रिकामा समेत दलित महिला सहभागिता शून्यकै स्थितिमा छ (पराजुली र गौतम २०५८) ।[३]

## *विद्युतीय सञ्चारमाध्यममा दलित महिलाको सहभागिता*

राष्ट्रिय प्रसारण ऐन २०४९ पारित भएपछि विद्युतीय सञ्चारमाध्यम टेलिभिजन, रेडियो तथा इन्टरनेटमा वृद्धि भएको छ । सरकारी स्वामित्वमा रहेको नेपाल टेलिभिजन र रेडियो नेपाल यसअघि नै सञ्चालित थिए । त्यसपछि निजी तथा सामुदायिक स्वामित्वमा रेडियो र टेलिभिजन स्टेसनहरू खोलिँदै गए । हाल पनि निजी क्षेत्रमा रेडियो र टेलिभिजन च्यानल खोलिने क्रम जारी छ । तर यी सञ्चारमाध्यममा पनि दलित महिलाको सहभागिता न्यून रहेको देखिन्छ ।

### *रेडियोमा दलित महिला सहभागिता*

दलित गैरसरकारी संस्था तथा सरकारी संस्थाले उत्पादन गरेका रेडियो कार्यक्रममा दलित महिलाको संलग्नता केही मात्रामा धेरै देखिन्छ, संलग्नमध्ये ९५ प्रतिशत दलित महिलाहरू प्रस्तोताको रूपमा काम गर्दछन् । तर कार्यप्रकृतिको मूल्याङ्कन गर्दा गुणात्मक हिसाबले खासै विकास भएको मान्न सकिन्न किनकि जति कार्यक्रम उत्पादन तथा रिपोर्टिङसँग प्रस्तुतिको सम्बन्ध रहन्छ त्यति केवल उत्पादित कार्यक्रमलाई प्रस्तुत गर्दा अर्थ रहँदैन । यहाँ भन्न खोजिएको कुरो के हो भने मुद्दाहरू उठाउने, विषयवस्तुको गहिरो अध्ययन तथा खोजी गरेर प्रस्तुत गर्न सक्ने सीपले मात्र सञ्चारकर्मीको दक्षता मापन गर्न सकिन्छ । अन्यथा कार्यक्रमलाई आकर्षित बनाउन महिला आवाज राखिने सिङ्गो सञ्चार जगत्कै विशेषता दलितले उत्पादन गरेका कार्यक्रममा पनि प्रतिविम्बित भएको देखिन्छ । यसकारण कतिपय अवस्थामा सहभागिताले मात्रै पनि महत्त्व राख्दैन । यसका निम्ति विशेष भूमिकासहितको सहभागिता अपेक्षित हुन्छ ।

---

[३] पराजुली र गौतमको लेख केही परिमार्जनसहित यसै पुस्तकको अध्याय ५ मा प्रकाशित छ ।

स्वयं दलित संस्थाले उत्पादन गरेका कार्यक्रममा दलित महिलाको यसप्रकारको भूमिकाको मूल्याङ्कन गर्दा लाग्छ दलित महिला सञ्चारकर्मीमा प्रतिस्पर्धी क्षमताको विकास गर्न सकिएको छैन । दलित जनजागरण कार्यक्रमकी प्रस्तोता शारदा विश्वकर्माको धारणा छ, "रेडियोमा पहिलाको तुलनामा दलित महिलाका मुद्दाहरू उठाउन खोजिएको छ । त्यसमा पनि केवल पीडालाई मात्र उब्जाउने काम भएको छ । दलितकै कार्यक्रममा समेत दलितले प्राथमिकता पाउँदैनन् ।" टेलिभिजनमा त झनै दलित महिलाका मुद्दालाई उठाइँदै उठाइँदैन भन्दा पनि हुन्छ । दलित महिलाले भोग्नु परेका घरेलु हिंसा, अन्तर्जातीय विवाहका कारण हुने हिंसाका कुरा प्रभावकारी रूपमा उठ्न सकेका छैनन् । अर्कातिर ठूलो प्रतिस्पर्धाबाट पुगिने सीटहरूमा दलित महिलाको सहभागिता साँच्चिकै कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ । सहभागिता शून्य छ । यद्यपि देशमा २०४९ पछिका दिनहरूमा दर्जनौँ एफएम स्टेसनहरू खुलिसकेका छन् । अधिकांश महिला तथा पुरुषले त्यहाँ आफ्नो कार्यक्षमता प्रदर्शन गर्ने, रोजगारी पाउनेजस्ता मौका पाएका छन् । तर दलित महिला नीतिनिर्माणका तहमा पुग्नु त कता हो कता केवल उद्घोषकको रूपमा त्यो पनि दलित सङ्घसंस्थाले उत्पादन गरेका कार्यक्रममा मात्र सीमित भएका छन् । यो तथ्य तालिका ८.३ र ८.४ बाट स्पष्ट हुन्छ ।[४]

**तालिका ८.३: रेडियोमा दलित महिला[५]**

| सञ्चार गृह | जम्मा | पुरुष | महिला | दलित पुरुष | दलित महिला |
|---|---|---|---|---|---|
| रेडियो नेपाल | ५७० | ४९८(८७.३७%) | ७२(१२.६३%) | × | × |
| रेडियो सगरमाथा | ४२ | ३२(७६.१९%) | १२(२३.८१% | १(२.३८%) | × |

स्रोतः अनुसन्धानका क्रममा गरिएको सर्वेक्षण, २०६२ ।

४ रेडियोमा दलितसम्बन्धी कार्यक्रमको २०६३ पुस अन्तसम्मको अद्यावधिक विवरणका लागि यसै पुस्तकमा जेबी विश्वकर्माको लेख (अध्याय ७) हेर्नुहोस् ।

५ यहाँ सञ्चारकर्मीको रूपमा कार्यरत दलितलाई मात्र समेटिएको छ । रेडियो नेपालमा स्थायी कर्मचारी समेत र रेडियो सगरमाथामा सञ्चारकर्मी मात्र समेटिएको थियो ।

## तालिका ८.४: रेडियोमा दलितसम्बन्धी कार्यक्रम (२०६२)

| क.सं. | कार्यक्रम | बार/समय | सञ्चारमाध्यम | कार्यक्रम उत्पादन समूह | उत्पादक संस्था |
|---|---|---|---|---|---|
| १. | कट्वाल रेडियो पत्रिका | बुधबार बिहान ८:३० | उपत्यकामा रेडियो सगरमाथा सहित अन्य एक दर्जन स्थानीय रेडियोहरू | संयोजक: दिलीप कुमार नेपाली<br>सहायक: शिरोमणि ढुङ्गाना<br>सहयोगी: लक्ष्मण दर्नाल/ममता नेपाली | जागरण मिडिया सेन्टर |
| २. | दलित जनजागरण | बुधबार बेलुका ८:३० देखि ८:४५ सम्म | रेडियो नेपाल, केन्द्रीय प्रसारण | उत्पादक: शारदा विश्वकर्मा<br>सञ्चालक: शारदा/प्रदीप परियार | दलित सेवा सङ्घ |
| ३. | दलित जनजागरण | विहीबार ८:३० देखि ८:४५ सम्म | रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र, सुर्खेत | उत्पादक: सञ्जुसिंह विश्वकर्मा<br>सञ्चालक: बल ब. सार्की/सञ्जु विक | दलित सेवा सङ्घ |
| ४. | सन्दर्भ र आवाज | सोमबार बिहान ७:१५ देखि ७:४५ सम्म | मेट्रो एफएम, काठमाडौँ | उत्पादक/सञ्चालक: प्रदीप परियार | दलित सेवा सङ्घ |
| ५. | सम्मानका स्वरहरू | शनिबार बेलुका ८:०० देखि ९:०० सम्म | कान्तिपुर एफएम, काठमाडौँ | उत्पादक: दिनेश परियार<br>सञ्चालक: रूपेश सिलवाल/प्रदीप | दलित सेवा सङ्घ |
| ६. | दलित आवाज | शनिबार बेलुकी ७:२० देखि ७:३५ सम्म | स्वर्गद्वारी एफएम, दाङ | उत्पादक: टङ्क विश्वकर्मा<br>सञ्चालक: टङ्क/शारदा स्वर्णकार | दलित सेवा सङ्घ |
| ७. | साझा आवाज | शनिबार बेलुकी ७:२० देखि ७:३५ सम्म | सप्तकोशी एफएम, ईटहरी | अञ्जु परियार/विमला/जयराम | अभियान, नेपाल |
| ८. | समानता | शनिबार | रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र, दिपायल | सञ्चालक: भीम घिमिरे | दलित महिला सङ्घ (फेडो) |
| ९. | उत्पीडित सन्देश | मङ्गलबार | सिनर्जी एफएम, चितवन | उत्पादक: कल्पना नेपाली<br>सञ्चालक: सपना नेपाली | सिनर्जी एफएम |
| १०. | आवाज | | माछापुच्छ्रे एफएम, पोखरा | | माछापुच्छ्रे एफएम, पोखरा |
| ११. | दलित आवाज | आइतबार बिहान ६:०० | एचबिसी एफएम, काठमाडौँ | उत्पादक: बुद्धि विश्वकर्मा<br>सञ्चालक: शर्मिला परियार/खगेन्द्र नेपाली | नेपाल राष्ट्रियदलित समाज कल्याण सङ्घ |

| क.सं. | कार्यक्रम | बार/समय | सञ्चारमाध्यम | कार्यक्रम उत्पादन समूह | उत्पादक संस्था |
|---|---|---|---|---|---|
| १२. | जमर्को | | रेडियो लुम्बिनी, बुटवल | सञ्चालकः कृष्ण नेपाली/लक्ष्मी परियार | रेडियो लुम्बिनी, बुटवल |
| १३. | नौलो बिहानी | | श्रीनगर एफएम, पाल्पा | सञ्चालकः राजु रसाईली | श्रीनगर एफएम, पाल्पा |
| १४. | समता | | विजय सामुदायिक रेडियो, नवलपरासी | सञ्चालकः दिपा वर्देवा | विजय सामुदायिक रेडियो, नवलपरासी |
| १५. | मर्यादित आवाज | बुधवार बिहान ७:४५ | रेडियो नेपाल | सञ्चालकः हिरालाल विश्वकर्मा | राष्ट्रिय दलित आयोग |
| १६. | जनचेतना | आइतबार बिहान बेलकी ८:४५ | रेडियो नेपाल | सञ्चालकः पवित्रा परियार/पुस्कर खाती | उपेक्षित उत्पिडित दलित विकास समिति |
| १७. | सामाजिक न्याय | शुक्रबार बेलुकी ८:४५ देखि ९:०० सम्म | रेडियो नेपाल, केन्द्रीय प्रसारण | उत्पादकः मेख परियार<br>सञ्चालकः | ल्यानकाऊ, नेपाल |
| १८. | उत्पीडित आवाज | सोमबार बिहान ७:३० | सामुदायिक रेडियो मदनपोखरा, पाल्पा | उत्पादकः बीर ब. नेपाली<br>सञ्चालकः सुकुम नेपाली | सामुदायिक रेडियो मदनपोखरा, पाल्पा |

स्रोतः जागरण मिडिया सेन्टर, २०६२।

*टेलिभिजनमा दलित महिला*

सन्देश प्रवाहका हिसाबले सबैभन्दा छिटो दर्शकलाई प्रभाव पार्ने, श्रव्य-दृश्य सुविधा भएको आमसञ्चारमाध्यममा टेलिभिजन पर्दछ। टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम प्रभावकारी हुन्छ। यो एक प्रकारको जनविश्वास प्राप्त गर्ने माध्यम पनि हो। त्यसैले सञ्चार जगतमा टेलिभिजनको छुट्टै महत्त्व रहेको छ। तर यस्तो प्रभावकारी सञ्चारमाध्यममा दलित महिलाको सहभागिता शून्यप्रायः नै छ। २०६१ मा दीपा गौतमले उल्लेख गर्नुभएअनुसार त्यतिबेला प्रसारित नेपाली टेलिभिजन च्यानलहरूमध्ये च्यानल नेपाल, इमेज च्यानल र कान्तिपुरमा क्रमशः ३, १ र २ दलित भेटिन्छन्। नेपाल टेलिभिजनमा ८ जना दलित संलग्न छन्, जुन संस्थाको इतिहास र आयतन (कर्मचारी सङ्ख्या करिब ४००) लाई हेर्दा अन्यन्तै न्यून हो। सबै च्यानलका दलित सञ्चारकर्मीमध्ये उत्पादनमा उनीहरूको संलग्नता पाइन्छ। कार्यक्रम उत्पादनमा दलित महिलाहरू दुई जना भेटिन्छन् भने कुनै पनि च्यानलको पर्दामा तिनको उपस्थिति देखिँदैन (गौतम २०६१)। यस अध्ययनका लागि गरिएका सर्वेक्षणअनुसार कान्तिपुर टेलिभिजनमा दलित महिला दृश्यसम्पादकका रूपमा (कर्मचारी) रहेको पाइएको छ भने अरू च्यानलमा स्थायी कर्मचारीका रूपमा रहेको देखिँदैन। तर कुचीकार र पियन पदमा चाहिँ उनीहरू कार्यरत छन्। एकाध रूपमा टेलिभिजनमा दलित महिलाको संलग्नता रहेकोमा पनि उनीहरू कार्यक्रमविशेषका निम्ति करारमा रहेको तथ्याङ्क भेटिन्छ। गैरदलित महिला, पुरुष तथा केही दलित पुरुष (औँलामा गन्न मिल्ने) भने कार्यक्रम उत्पादन तथा समाचारदाताका रूपमा संलग्न छन्। तर दलित महिलाहरू समाचारदाता तथा उत्पादकको रूपमा संलग्न छैनन्। यो तथ्य तालिका ८.५ बाट पनि स्पष्ट हुन्छ।

**तालिका ८.५: टेलिभिजनमा दलित महिला***

| टेलिभिजन | जम्मा | पुरुष | महिला | दलित पुरुष | दलित महिला |
|---|---|---|---|---|---|
| कान्तिपुर टेलिभिजन | ३५२ | १९६(५५.६८%) | १५६(४४.३२%) | १(०.४%) | १(०.४%) |
| च्यानल नेपाल | १४२ | ११७(८२.४%) | २५(१७.६%) | × | × |
| नेपाल टेलिभिजन | ३९९ | ३४४(८६.२२%) | ५५(१३.७८%) | × | × |

स्रोतः अनुसन्धानका क्रममा गरिएको सर्वेक्षण, २०६२।

* तथ्याङ्क सङ्कलनका क्रममा कान्तिपुर टेलिभिजनमा स्थायी/अस्थायी कर्मचारी र सञ्चारकर्मी, च्यानल नेपालमा स्थायी/अस्थायी सञ्चारकर्मी र नेपाल टेलिभिजनमा स्थायी सञ्चारकर्मीलाई मात्र लिइएको थियो

## अध्ययन तथा तालिम केन्द्रमा दलित महिला सहभागिता

सञ्चारकर्मी बन्नका लागि अनेक अध्ययन तथा तालिम केन्द्र सञ्चालित छन् र नयाँ खुल्ने क्रम पनि जारी छ । हाल राजधानीमा आमसञ्चार तथा पत्रकारिता अध्यापन करिब आधा दर्जन कलेजहरूमा हुने गर्दछ । तर ती सबैमा स्नातक तथा स्नातकोत्तर तहका कक्षामा एक जना मात्र दलित महिला अध्ययनरत रहेको देखिन्छ । यसबाहेक तालिम केन्द्रमा एक जना पनि दलित महिलाले प्रशिक्षण लिने गरेको भेटिँदैन । २०५८ देखि सञ्चालित कान्तिपुर सिटी कलेजमा १ जना मात्र दलित महिला अध्ययनरत छिन् । आमसञ्चारकै मात्र पढाइ हुने कलेज अफ जर्नालिज्म एण्ड मास कम्यूनिकेशनमा एक जना पनि दलित महिला अध्ययनरत छैनन् । यही स्थिति तालिम केन्द्रहरूमा रहेको छ । २०४१ सालदेखि हालसम्म प्रशिक्षण दिँदै आएको नेपाल प्रेस इन्स्टिच्यूट सबैभन्दा पुरानो तालिम केन्द्र हो । तर यसबाट हालसम्म १ जना मात्र दलित महिलाले तालिम लिएको पाइएको छ । यस केन्द्रबाट हालसम्म ५४६ जना प्रशिक्षार्थीले तालिम लिइसकेका छन् जसमा करीब एक दर्जन दलित पुरुष सहभागी थिए । हाल सञ्चालनमा रहेका उक्त केन्द्रका तालिम कक्षामा करिब बराबर प्रतिशतमा महिला-पुरुषको सहभागिता रहे पनि दलित महिला भने एक जना पनि छैनन् ।

यी निजी स्तरमा सञ्चालित अध्ययन तथा तालिम केन्द्रमा दलित महिलाको उपस्थिति शून्यप्रायः नै देखिन्छ भने त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित एकमात्र रत्नराज्यलक्ष्मी क्याम्पस राजधानीमा मात्र सीमित छ । उपत्यकाबाहिर निजी क्षेत्रमा सञ्चालन हुने तालिम केन्द्रहरू पनि बुटवल, नेपालगञ्ज, विराटनगरजस्ता ठूला सहरमा मात्र केन्द्रित छन् । पछिल्ला दिनहरूमा दलित गैरसरकारी संस्थाहरूले एक हप्ते पत्रकारिता तालिम स्थानीय स्तरमा दिँदै आएका छन् । यस्ता तालिममा दलित महिलाको उल्लेखनीय सहभागिता रहेको तथ्य जागरण मिडिया सेन्टरको रेकर्डमा पाइन्छ । २०५९ देखि २०६२ सम्म सेन्टरले दिएका तालिममा जम्मा २०९ जना प्रशिक्षार्थीमध्ये पुरुष ६५.५५ प्रतिशत छन् भने दलित महिला ३४.४५ प्रतिशत भेटिन्छन् (हेर्नुहोस् तालिका ८.६) । यहाँ दलित महिलाहरूको सहभागिता उल्लेखनीय देखिन्छ । तर आर्थिक तथा शैक्षिक पहुँचमा कमी रहेका दलित महिलालाई यो न्यूनतम तालिमभन्दा अगाडि बढेर उच्चस्तरका तालिम तथा अध्ययन प्राप्त गर्ने कुरा भने आकाशको फल नै बन्ने गरेको छ । उच्चस्तरको तालिम, अध्ययनको अभावमा सञ्चारकर्मीमा हुनुपर्ने दक्षता विकसित हुँदैन र उनीहरू प्रतिस्पर्धामा ओझेल पर्दछन् । सहरका

महङ्गा निजी विद्यालय दलित महिलाका लागि पहुँचभन्दा टाढाका विषय हुन् । तिनमा पहुँच हुने एकाध दलित महिलालाई पत्रकारितातर्फ आकर्षण नै छैन ।

**तालिका ८.६: तालिम तथा अध्ययन केन्द्रमा दलित महिला***

| संस्था | जम्मा | पुरुष | महिला | दलित पुरुष | दलित महिला |
|---|---|---|---|---|---|
| कान्तिपुर सिटी कलेज (पहिलो वर्षमा अध्ययनरत) | ३० | २३(७६.६७%) | ७(२३.३३%) | ३(१०%) | १(३.३३%) |
| कान्तिपुर सिटी कलेज (दोश्रो वर्षमा अध्ययनरत) | ११ | ८(७२.७३%) | ३(२७.२७%) | × | × |
| नेपाल प्रेस इन्स्टिच्यूट | २७ | १४(५१.८५%) | १३(४८.१५%) | १२(४४.४४%) | १(३.७०%) |
| मिडिया प्वाइन्ट | ३८२ | ३००(७८.५४%) | ८२(२१.४६%) | २(०.५३%) | × |
| जागरण मिडिया सेन्टर | २०९ | १३७(६५.५५%) | ७२(३४.४५%) | १३७(६५.५५%) | ७२(३४.४५%) |

स्रोतः अनुसन्धानका क्रममा गरिएको सर्वेक्षण, २०६२ ।

* जागरण मिडिया सेन्टरबाहेक अरू संस्थामा हाल अध्ययनरत विद्यार्थीको तथ्याङ्क लिइएको हो । जागरण मिडिया सेन्टरको सन्दर्भमा २०५९ देखि हालसम्म तालिम लिएका सबै प्रशिक्षार्थीलाई समावेश गरिएको छ ।

## सञ्चारमा दलित महिला सहभागिता हुन नसक्नुका कारणहरू

### *शिक्षाको कमी*

सञ्चार क्षेत्रमा रोजगारीको लागि होस् या सञ्चारकर्मी बन्ने तालिम लिन तथा अध्ययन गर्नका लागि नै किन नहोस्, ती ठाउँमा न्यूनतम् शिक्षाको आवश्यकता पर्दछ । निश्चित शिक्षाको अभावमा ती अवसरबाट वञ्चित हुनुपर्दछ । स्नातक तथा प्रमाणपत्र तह पार नगरेका व्यक्तिले तालिम लिने नपाउने प्रावधान तालिम तथा अध्ययन केन्द्रहरूमा छ । तर आवश्यक पर्ने शैक्षिक योग्यता दलित महिलामा पर्याप्त मात्रामा छैन । औंलामा गन्न मिल्ने दलित महिलाहरूले प्रमाणपत्र तह तथा स्नातक तह उत्तीर्ण गरेका छन् । मिडिया प्वाइन्टका प्रमुख श्रीरामसिंह बस्नेतको धारणा छ, “दलितहरूले तालिम लिनको लागि निश्चित योग्यता पार गर्नुपर्ने प्रावधान छ । तर दलित महिलाको हकमा आधारभूत शिक्षामा समेत पहुँच पुग्न नसकेको स्थिति छ ।” नेपाल प्रेस इन्स्टिच्यूटका अध्यक्ष गोकुल पोखरेलको धारणा छ, “वर्तमान युगमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तिको पेसा उसको शैक्षिक स्तरमा भर पर्दछ । त्यसैले दलित र जनजातिलाई पत्रकारितामा ल्याउनका लागि शिक्षामा जोड दिनु जरुरी छ” (पराजुली र गौतम २०५८: ५२ मा उद्धृत) ।

## *पहुँचको कमी*

सञ्चारमा दलित महिलाको उपस्थिति हुन नसक्नुका पछाडि मुख्य कारण भनेको पहुँचको कमी हो । पहिलो कुरा त अधिकांश सञ्चार क्षेत्रसँग सम्बन्धित प्राज्ञिक, प्राविधिक अध्ययन तथा तालिम केन्द्र सहरी क्षेत्रमा सीमित छन्, जहाँ दलित समुदाय ज्यादाजसो ग्रामीण क्षेत्रमा रहेका छन् । कोही सहरी क्षेत्रमा छन् भने गरिबीसँग सङ्घर्ष गरिरहनुपरेको स्थिति छ । ग्रामीण क्षेत्रमा रहनु, ग्रामीण क्षेत्रमा अध्ययनकेन्द्रको अभाव हुनु, भइहालेमा पनि निजी तवरबाट सञ्चालित त्यस्ता अध्ययनकेन्द्र अत्यन्त महङ्गा हुनु जस्ता कारणहरूले गर्दा दलित महिलाका निम्ति ती पहुँच बाहिरका विषयमा पर्दछन् । उनीहरू सहरसम्म आएर सञ्चारसम्बन्धी पत्रकारिता र प्राविधिक तालिम लगायतका कुराहरूको ज्ञान आर्जन गर्न सक्ने स्थिति छैन । जसले गर्दा प्रथमतः दलित महिला सञ्चारकर्मीहरूको उत्पादन हुन सकेको छैन । दोस्रो कुरा सञ्चारकर्मी बन्न पुगेका दलित महिलाका लागि अवसर एवं क्षमता अभिवृद्धि गर्नका निम्ति प्रोत्साहन छैन । यस सम्बन्धमा पन्नलाल विकको धारणा छ, “पत्रकारितासम्बन्धी अध्ययन गर्न, तालिम लिन, सञ्चारसम्बन्धी अन्य आधुनिक प्रविधिको उपयोग गर्न दलितहरू आर्थिक कारणले सक्दैनन् । यी सबै कुरा कुनै दलितले गरिहालेमा वा स्वअध्ययनले पत्रकारिताको सीप हासिल गरिहालेमा पनि उसलाई तान्ने मानिस कोही हुँदैन । अभिजात वर्गका कथित उच्च जातिका मानिसहरू दलित कुनै पनि हालतले अगाडि आएको रुचाउँदैनन्” (पराजुली र गौतम २०५८: ५० मा उद्धृत) ।

## *सूचनाको कमी*

पत्रकारिता तालिमको लागि धेरैजसो अवस्थामा पहुँचको कमीले दलितहरूको संलग्नता बढ्न नसकेको देखिन्छ । तर कतिपय अवस्थामा सूचनाप्रवाहमा हुने कमीका कारण पनि दलित तथा दलित महिलाले निजी संस्थाबाट सञ्चालित तालिममा अवसर नपाउने गरेको अध्ययनले देखाउँछ ।

दलितकै लागि भनेर सञ्चार क्षेत्रसम्बन्धी विशेष व्यवस्था सरकारी तवरबाट भएको छैन । तर आम रूपमा सूचना विभागले वर्षेनी पत्रकारिता तालिमका लागि छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । तर सूचनाको अभावले निश्चित समयभित्र दलितहरू उक्त अवसरलाई उपयोग गर्न पाउँदैनन् । कहिले र कसरी उक्त अवसर उपलब्ध हुन्छ भन्ने विषयमा अधिकतम् दलितलाई थाहा हुँदैन । दलित आफैँमा सूचनाको अभावका कारण पनि सरकारले दिने सुविधामा उनीहरूको पहुँच पुग्न नसकेको हो । त्यसैले दलित सङ्घसंस्थाले आफ्नै समुदायमा

सूचना सम्प्रेषण गरिदिनुपर्‍यो भन्ने मिडिया प्वाइन्टका प्रमुख श्रीरामसिंह बस्नेतको धारणा छ । यसका अतिरिक्त स्थानीय तहमा पत्रकारिता तालिम सञ्चालन हुने गर्दछन् । तर दलित महिलामा सूचना पुग्न सक्दैन । एकातिर आर्थिक अभावले गर्दा दलित महिलाहरूले श्रममुखी कार्यमा अधिक समय खर्चिनुपर्ने कारणले पत्रपत्रिका, रेडियोजस्ता सूचनाका साधनमा समय दिन नसक्ने स्थिति छ भने अर्कोतिर पत्रिका पुग्दै नपुग्ने विकट स्थानमा बसोबास हुनु एवं पत्रिका पुगिहाले पनि क्रयक्षमता नहुनाका कारण अखबारका सूचनाबाट दलित महिलाहरू वञ्चित रहनुपर्ने स्थिति छ। जसको परिणामस्वरूप उनीहरू सञ्चार क्षेत्रमा उपलब्ध अवसरलाई उपयोग गर्न सक्दैनन् । यसबाट स्वभावतः दलित महिला सञ्चारकर्मीको उत्पादनमा कमी आउने गर्दछ ।

### *ठोस कार्यक्रम तथा नीतिको अभाव*

एकातिर सरकारी तवरबाट पहुँच पुग्न नसकेको समूह भनेर सञ्चार क्षेत्रमा प्रवेश गराउनका लागि विशेष नीति तथा कार्यक्रम तय गरिएको छैन भने अर्कातिर नेपालमा दलित विकासका लागि भनेर खोलिएका गैरसरकारी संस्थाका योजना तथा कार्यक्रममा सञ्चार क्षेत्रतर्फ ध्यान जान सकेको छैन । सञ्चार क्षेत्रमा कार्यरत दलितसम्बन्धी गैरसरकारी संस्थाले पनि छोटा अवधिका पत्रकारितासम्बन्धी तालिम दिँदै आएका छन् । तर एक हप्ते तालिम लिएर सक्षम सञ्चारकर्मी बन्नका लागि पर्याप्त हुन्छ कि हुँदैन यो सोच्नुपर्ने विषय हो । यस सम्बन्धमा पत्रकार विनोद पहाडीको धारणा छ, “आजसम्म दलित सङ्घसंस्थाले उपलब्ध गराउने तालिमहरू केवल आधारभूत मात्र छन् । यसले केवल भोक मात्र जगाएको छ । उनीहरूलाई उच्चस्तरका तालिम गराउन सकिएको छैन । उच्चस्तरका तालिम तथा अध्ययनका लागि दलित सङ्घसंस्थाले नै पहल गर्नु पर्दछ ।”

## सञ्चारमा दलित महिलाका मुद्दाहरू

हामीले अघिल्लो उपशीर्षकमा नै के चर्चा गरिसकेका छौँ भने सञ्चारमा पीडित समूहको प्रतिनिधित्व भएमा मात्र सम्बन्धित समूहका मुद्दाहरू सशक्त रूपले उठाउन सकिन्छ । यदि त्यसो नभएमा पीडित समूहप्रति चासो अनि संवेदनशीलता अन्य सञ्चारकर्मीमा हुनु पर्दछ । तर नेपाली मिडियामा दलित महिला सहभागिता शून्यप्रायः नै छ । त्यसमाथि प्रकाशित/प्रसारित समाचारका आधारमा दलित मुद्दाप्रति संवेदनशील गैरदलित सञ्चारकर्मी एकाध मात्रै छन् । एकाध

सञ्चारकर्मीमा रहेको संवेदनशीलताबाट औसत मिडिया सन्देश धान्न सकिँदैन। सञ्चारमा रहेको संरचना यसप्रकारको भएपछि कसरी उठ्छन् दलित महिलाका मुद्दाहरू ? यो अत्यन्त सोचनीय विषय हो।

आमसञ्चारमाध्यमले पछिल्ला दिनहरूमा दलित महिलाका मुद्दाहरू मात्रात्मक रूपमा उठाएका कुरालाई नकार्न सकिँदैन। तर पहिचानको अभावमा दलित महिलाका समस्याले पर्याप्त स्थान पाउन सकेको छैन। मुद्दाहरू उठिहालेमा सतही ढङ्गले उठ्ने गरेका छन्। जागरण मिडिया सेन्टरले गरेको सञ्चार निगरानीअनुसार अधिकांश समाचार, लेखहरू बादी महिला समस्याका विषयमा उठ्ने गरेका छन्। त्यसपछि अन्तर्जातीय सफल/असफल विवाहका मुद्दालाई उठाइएको छ। धेरैजसो समाचार दलित सङ्घसंस्थाका औपचारिक कार्यक्रममा आधारित रहेका छन्। तर समाचार समेट्ने क्रममा अधिकतम् दलित महिलाले अन्तर्जातीय विवाहका कारण भोग्नु परेका पीडालाई फलोअप समाचारका रूपमा कम दिइएको पाइन्छ। हामीले खोजी गर्‍यौं भने अधिकांश गैरदलित र दलित महिलाबीच हुने विवाहमध्ये ९५ प्रतिशत विवाहहरू असफल भई दलित महिलाहरू विस्थापित हुने गरेका छन्। दलित गैरसरकारी संस्था महासङ्घमा पर्न आएका मुद्दामा उल्लेखित असफल विवाहका तथ्यहरू पाइएको छ। नेपाल टेलिभिजन तथा अन्य टेलिभिजन च्यानलमा कथित उच्च जातिका महिलाहरूलाई *दिशानिर्देश, बहस*जस्ता कार्यक्रममा समावेश गराइन्छ, अन्तर्वार्ता लिने गरिन्छ। तर त्यस्ता कार्यक्रममा दलित महिलाले स्थान पाउँदैनन् जबकि मिडियामार्फत उनीहरूलाई प्रोत्साहन दिनुपर्ने आवश्यकता छ। दलित महिलाका अन्तर्जातीय विवाहबाट विस्थापित जीवन, बोक्सीप्रथा, दाइजोप्रथा, बालविवाह, सार्वजनिक हिंसा, घरेलु हिंसा, असमान ज्याला, अशिक्षा, स्वास्थ्य, गरिबी, नागरिकतालगायत थुप्रै मुद्दाहरू पर्दछन्, जसको पहिचान सञ्चारकर्मीमा नभएको कुरा प्रकाशित समाचार लेखबाट थाहा हुन्छ। दलित महिला सङ्घकी अध्यक्ष दुर्गा सोबको धारणा छ, “मिडियामा दलित महिलाका समस्याहरू कम मात्रामा आउने गरेका छन्। उनीहरूका सकारात्मक पक्षभन्दा नकारात्मक पक्ष बढी आउँछन्। हाम्रो मान्यता के हो भने दबेका समुदायको बढी मात्रामा आउनुपर्ने हो। जस्तै दलित महिला पीडित भएको कम मात्रामा आउँछन्। सफलताका कुराहरू पनि आउनु पर्दछ।”

## सञ्चारमा दलित महिलाको सहभागिता बढाउन के गर्ने ?

१. शिक्षित दलित महिला जनशक्ति उत्पादन गरेर पूर्वाधार तयार गर्ने जसका लागि राज्यले शिक्षामा दलित महिलालाई आरक्षणको व्यवस्था गर्ने,

२. सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालित दलित उत्पादनका कार्यक्रममा पत्रकारिता/उद्घोषण, कम्प्युटर तालिमजस्ता विषयमा निश्चित बजेट परिचालन गरेर सुविधा उपलब्ध गराउने,
३. पत्रकारिताको तालिम दिइरहेका सङ्घसंस्थाले एक हप्ते तालिमको साटो उच्चस्तरका तालिमको अवसर उपलब्ध गराउने,
४. तालिम प्राप्त गर्न सूचनाको अभाव हुने भएकाले दलित सङ्घसंस्थाले खुलेका तालिमका विषयमा दलित महिलासम्म पुग्ने गरी सूचना प्रवाह गर्ने,
५. तालिम प्राप्त जनशक्तिका लागि दलितहरूबीच मात्र प्रतिस्पर्धा हुने गरी निश्चित सीटको व्यवस्था गर्ने,
६. महिलालाई यस पेशाप्रति आकर्षण बढाउन प्रोत्साहन तथा सम्मानको व्यवस्था गर्ने,
७. दलित महिलाका मुद्दाहरूलाई प्रभावकारी ढङ्गले उठाउनका लागि नियमित रूपमा अनुगमन गर्ने,
८. मिडिया हाउसका सम्पादकहरूसँग अन्तर्क्रिया गर्ने,
९. समाचार कक्षमा दलित महिलाको प्रतिनिधित्व गराउने ।

## सन्दर्भ सामग्री

गोरखापत्र । २०६१ । दलित दलितबीच भेदभावः आफ्नो बालकलाई अस्वीकार गरी बाबु भारत पसे ! १८ फागुन, पृ. १२ ।

गौतम, दीपा । २०६१ । सिला खोज्ने प्रयास । *गोरखापत्र*, १४ मङ्सिर, पृ. ५ ।

दलित महिला सङ्घ । २०६३ । *नेपालमा दलित महिला* । काठमाडौँः दलित महिला सङ्घ ।

पराजुली, शेखर र भास्कर गौतम । २०५८ । प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. २१-५६ । काठमाडौँः एकता बुक्स ।

प्रेस काउन्सिल नेपाल । २०६२ । *प्रेस काउन्सिल नेपाल ३० औँ वार्षिक प्रतिवेदन* । काठमाडौँः प्रेस काउन्सिल नेपाल ।

हिमालय टाइम्स । २०६२ । दलित-दलितबीचकै छुवाछूतबाट तल्लो वर्गका दलित पीडित । २४ असार ।

## स्रोत व्यक्ति तथा संस्थाहरू

चक्रमान विश्वकर्मा

दुर्गा सोब

पद्मलाल विश्वकर्मा

विनोद पहाडी
शारदा विश्वकर्मा
श्रीरामसिंह बस्नेत
सुभाष दर्नाल
गोरखापत्र
कान्तिपुर पब्लिकेशन
कामना प्रकाशन समूह
रेडियो नेपाल
रेडियो सगरमाथा
नेपाल टेलिभिजन
कान्तिपुर टेलिभिजन
च्यानल नेपाल
कान्तिपुर सिटी कलेज
कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशन (सिजेएमसि)
जागरण मिडिया सेन्टर
नेपाल प्रेस इन्स्टिच्यूट
मिडिया प्वाइन्ट